# महोत्तरी जिल्ला अदालत

# जलेश्वर

फोन नं. ०४४-५२०२६३
५२००२१
फ्याक्स: ५२०२६३
Email: infodcmahottari@gov.np

पत्र संख्या –

चलानी नं. **सूचना ! सूचना !! सूचना !!!**

विषयः- जरिवाना वा सकारी विगो छुट सम्बन्धी अत्यन्त जरुरी सुचना ।

प्रकाशित मिति -२०७३/०९/०५

अदालतको अन्तीम फैसलाले लागेको दण्ड, जरीवाना र सरकारी विगो आदिको बक्यदता रकम यो सुचना प्रकाशित भएको मितिले तोकिएको अवधी भित्र बुझाउन ल्याएमा देहाय बमोजिमको छुट पाउने हुँदा जिल्ला अदालत नियमावली २०५२ को नियम ८७ बमोजिम सर्वसाधारणको जानकारिको लागी यो सूचना प्रकाशित गरीएको छ ।

तपसील

| बुझाउन ल्याउनुपर्ने अवधी | पाउने छुट प्रतिशत |
|---|---|
| १ महिना भित्र | १५ प्रतिशत |
| २ महिना भित्र | १३ प्रतिशत |
| ३ महिना भित्र | ११ प्रतिशत |
| ४ महिना भित्र | ९ प्रतिशत |
| ५ महिना भित्र | ७ प्रतिशत |
| ६ महिना भित्र | ५ प्रतिशत |

# महोत्तरी जिल्ला अदालत
# जलेश्वर

फोन नं. ०४४-५२०२६३
५२००२१
फ्याक्स: ५२०२६३
Email: infodcmahottari@gov.np


पत्र संख्या –

चलानी नं.

# सूचना ! सूचना !! सूचना !!!

## विषयः- जरिवाना वा सकारी विगो तिर्ने बुझाउने सम्बन्धी अत्यन्त जरुरी सुचना ।

प्रकाशित मिति -२०७३/०९/०५

मुलुकी ऐन दण्ड सजायको २४ नं. को अधीनमा रही ज्यान सम्बन्धी मुद्दा कुनै प्रकारको चोरी मुद्दा वा राजकाज मुद्दाको कसुरदारलाई भएको सजायको बाँकि र सम्बन्धीत कर्मचारीले आफ्नो जिम्माको सरकारी वा सरकारी संस्थान वा सरकारद्धारा नियन्त्रित संस्थानको तहविल ,धनमाल मासी चोरी नोक्सान पारी खाए खुवाएको वा पेश्की ठेकेको वा बाँकि नतिर्नेको महलको २ नं. बाँकि समेतका मुद्दाहरु बाहेक अन्य मुद्दाहरुमा अन्तिम फैसला बमोजिम कायम भएको दण्ड जरीवाना वा सरकारी विगो आदिको बक्यौता रकम यो सुचना प्रकाशित भएको मितिले ६ महिना भित्र बुझाउन ल्याएमा देहाय बमोजिम छुट पाउने हुँदा सर्वोच्च अदालत नियमावली २०४९ को नियम १०५ज९१) बमोजिम सर्वसाधारणको जानकारीको लागी यो सुचना प्रकाशित गरीएको छ ।

तपसील

(१) सुचना प्रकाशन भएको मितिले पचास बर्ष भन्दा अघिको अन्तिम फैसला बमोजिमको लगतमा ७५ प्रतिशत ।

(२) सुचना प्रकाशन भएको मितिले तिस बर्ष भन्दा अघिको पचास बर्ष सम्मको अन्तिम फैसला बमोजिमको लगतमा ५० प्रतिशत।

(३) सुचना प्रकाशन भएको मितिले बीस बर्ष भन्दा अघिको तीस बर्ष सम्मको अन्तिम फैसला बमोजिमको लगतमा २५ प्रतिशत ।

तहसिलदार/शा.अ.

लक्ष्मीकान्त झा